राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– २, साउन १५ गते शुक्रबार, २०८३ (31 July, 2026) | www.janajibro.com | मूल्य रु. १०।-

# ‘अहंकार त्याग, अनुभव सिक’

## प्रतिनिधिसभामा प्रचण्डको सम्बोधन, संकटका बेला सघन संवाद र सहमति अपरिहार्य

■ जनजिब्रो संवाददाता




**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी संसदीय दलका नेता एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपाली जनताको ऐतिहासिक विरासत भनेकै सामाजिक सद्भाव कायम राख्नु भएको धारणा राखेका छन् । त्यसैकारण संवाद र सहमतिबाट हरेक समस्याको समाधान गरिनुपर्नेमा उनले जोड दिएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्दै नेकपाका संयोजक समेत रहेका प्रचण्डले सुनसरीको परिस्थिति असहज हुन दिनु नहुने भन्दै त्यसका लागि सबै पक्षले सामाजिक सद्भावलाई महत्त्व दिएर अघि बढ्नुपर्ने बताएका हुन् । सुनसरीको कप्तानगञ्जमा गोली चलाउनुपर्ने अवस्था थियो वा थिएन भन्ने विषयमा पनि सत्यतथ्य बाहिर आउनुपर्ने धारणा उनले व्यक्त गरे । प्रतिनिधिसभामा ३३ मिनेट सम्बोधन गरेका प्रचण्डले देशको वर्तमान गम्भीर अवस्थाको विश्लेषण गर्दै वर्तमान सरकार र त्यसको नेतृत्वप्रति प्रशस्त प्रश्नहरू उब्जिएको समेत उल्लेख गरे । देशको समग्र राजनीतिक परिस्थिति सहज नभएको र सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको चर्चा गर्दै सुनसरी घटनामा सरकारले संवाद अघि नबढाएकामा उनले आलोचना गरे ।

सुनसरी घटना र त्यसप्रतिको सरकारी रवैयाबाट सरकारप्रति जनता भस्किएको बताएका प्रचण्डले भने- ‘अप्ठ्यारो परिस्थिति आयो भने संवाद र सहकार्यमार्फत जस्तोसुकै ठूलो द्वन्द्वको स्थितिलाई पनि समाधानतिर लैजान सक्ने हाम्रो ऐतिहासिक परम्परा र संस्कृति रहेको छ । अहिले पनि संवाद र सहकार्यको माध्यमबाट समाधान गर्नुपर्छ ।’ प्रचलित संविधान, कानुन र

क्रमशः अन्तिम पृष्ठमा

# सुनसरी घटनाबारे विपक्षीद्वारा सरकारको जवाफ माग

**काठमाडौं ।** प्रतिनिधिसभाको बिहीबारको बैठक सुरु हुनेबितिकै विपक्षी दलका सांसदहरूले सिटबाट उठेर विरोध जनाएका छन् । विपक्षी दलका सांसदहरूले विरोध जारी राखेपछि उनीहरूलाई आ-आफ्ना भनाइ राख्न सभामुख डोलप्रसाद अर्यालले समय दिए ।

प्रतिपक्षीहरूको विरोध जारी रहेपछि प्रमुख विपक्षी नेपाली कांग्रेसकी सांसद बासना थापालाई आफ्नो भनाइ राख्न सभामुख अर्यालले समय दिए । समय पाएपछि प्रधानमन्त्री बालेन्द्र शाहले संसदमा दिएको सीमासम्बन्धी आपत्तिजनक अभिव्यक्तिको जवाफ कहिले आउँछ भन्दै सांसद थापाले सरकारलाई प्रश्न गरिन् । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी (एमाले) की सांसद पद्मा अर्यालले सुनसरी घटनाको नैतिक जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले लिने कि नलिने भन्दै सदनमा प्रश्न गरिन् । ‘विगतमा काठमाडौंमा गोली चल्दा, मान्छे मर्दा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले जवाफदेही बन्नुपर्ने, थुनामा बस्नुपर्ने, राजीनामा दिनुपर्ने; अहिले सुनसरीमा गोली चलेर नागरिकको ज्यान जाँदा वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनु पर्छ कि पर्दैन ?’ सांसद अर्यालले प्रश्न गरिन्- ‘अब उहाँहरूले थुनामा बस्नुपर्छ कि पर्दैन ?’

‘विगतमा अरुलाई फौजदारी अभियोग लगाउनेहरू आज सुनसरीका घटनाको नैतिक जिम्मेवारी लिन तयार छन् कि छैनन् ?’ भन्दै थप प्रश्न समेत गरेकी अर्यालले देशमा दंगा भइरहँदा प्रधानमन्त्री गुमनाम बनेकामा आपत्ति जनाइन् । प्रधानमन्त्री पद सिंहदरबारमा सजाउन नभई जनतालाई दुःख पर्दा अभिभावकका रुपमा जनताका साथमा देखिनका लागि बनाइएकामा अर्यालले जोड दिइन् ।

जनताको सुरक्षा गर्न र मुलुकलाई सुदृढ बनाउनका लागि सरकारलाई साथ सहयोग गर्न आफूहरू तयार रहेको प्रष्ट्याउँदै सरकार त्यो ढंगले प्रस्तुत होस् भन्ने समेत उनले कामना गरिन् । विगतमा कैलालीको टीकापुर, रौतहट गौर, नेपालगञ्जलगायतका ठाउँमा घटेका घटनाहरू सम्झँदै सबैलाई एउटै मालाले, एउटै सूत्रले जोडेर सामना गेको उनले बताइन् । सरकारले जनतालाई आशा जगाउने योजना ल्याएर, काँधमा काँध मिलाएर, सबैको प्रयत्नले जनतामा विश्वास जगाउनुपर्नेमा सांसद अर्यालले जोड दिइन् ।

# कम्युनिस्ट पार्टीभित्र सांस्कृतिक रूपान्तरण

**समय सन्देश**
मोहन वैद्य ‘किरण’

कयौं मानिसहरू पार्टीको सांस्कृतिक रूपान्तरणलाई धेरै सरल ढंगले लिने गर्दछन् । उनीहरू एउटा सामान्य आचारसंहिता तयार पारेर पार्टीको सांस्कृतिक रूपान्तरण गर्न सकिने कुरा ठान्दछन् । कसै-कसैले त के पनि सोच्दछन् भने एकपटक सांस्कृतिक रूपान्तरण भएपछि त्यो काम सदाका लागि पूर्ण हुन्छ । तर वास्तवमा कुरा त्यति सजिलो छैन । जबसम्म समाजमा वर्ग हुन्छन् र वर्गसङ्घर्ष चल्छन्, तबसम्म पार्टीको अस्तित्व भइरहन्छ र पार्टीको अस्तित्व भइरहँदासम्म सांस्कृतिक रूपान्तरणको समस्या पनि पैदा भइरहन्छ । जब वर्ग, वर्गसङ्घर्ष, सर्वहारावर्गको अधिनायकत्व सबै समाप्त हुन्छन् र समाजवादले साम्यवादमा फड्को मार्छ, त्यो बेला पार्टी पनि रहन्न र त्यसैबेला मात्र पार्टीभित्र सांस्कृतिक रूपान्तरणको कुरा पनि समाप्त हुन्छ । यसरी हेर्दा पार्टीको सांस्कृतिक रूपान्तरणको प्रश्नलाई निरन्तर क्रान्तिको प्रश्नसँग अभिन्न रूपमा जोडेर ग्रहण गर्नुपर्दछ । साथै, यस प्रश्नलाई हामीले सामाजिक विकासको प्रक्रिया र क्रान्तिका ठोस चरणका अवस्थाहरूमा आधारित रही निरन्तर पैदा भइरहने जटिलताका बीचबाट हल गर्दै जानुपर्दछ । वास्तवमा पार्टीभित्रको सांस्कृतिक रूपान्तरणको प्रश्न जनयुद्ध र वर्गसङ्घर्षको सापेक्षतामा अन्तरसङ्घर्ष र दुईलाइन सङ्घर्षका प्रक्रियाहरूसँग घनिष्ठ रूपले गाँसिएको हुन्छ ।

पार्टी सदस्यहरूको संस्कृति सम्बन्धित सामाजिक परिवेशमा आधारित हुने भए तापनि त्यो सर्वहारा संस्कृति र साम्यवादको

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३२, अङ्क- २, साउन १५ गते शुक्रबार, २०८३

**सम्पादकीय**

# सघन सम्वाद गर, सहिष्णुता कायम राख !

सुनसरीलगायतका केही तराई क्षेत्रका भूभागमा हालै साम्प्रदायिक सद्भाव खल्बलिने किसिमका केही दुःखद् घटनाहरू भएका छन् । कतै सहिष्णुता र सद्भाव खल्बल्याएर मुलुकलाई अकल्पनीय भड्खालोतिर धकेल्ने योजनाबद्ध षड्यन्त्रको कडीकै रूपमा त यी घटना घटाइएका छैनन् भन्ने आशङ्का जनमानसमा जन्मन थालेको छ ।

वर्गीय, क्षेत्रीय, लैङ्गिक, जातीय, सांस्कृतिक, धार्मिक विविधतायुक्त नेपाली समाजको सबैभन्दा राम्रो पक्ष भनेकै विविधताबीचको एकता, सद्भाव, भ्रातृत्व, सहकार्य र सहअस्तित्व हो । मुलुकमा अदृश्य तत्त्वहरूले एकाएक आँकलनविहीन गतिविधि अघि बढाइरहेको र 'परिवर्तन' का नाममा असाध्यै उच्छृङ्खल, असभ्य, अमानवीय, विवेकहीन र स्वार्थकेन्द्रित-आपराधिक विषको बाढी सामाजिक सञ्जालबाट अधिकांश जनताको दिलदिमागसम्म घुसाइएको वर्तमान परिवेशमा जुनसुकै बेला, जस्तासुकै जघन्य परिस्थिति सिर्जना हुन नपुग्लान् भन्ने स्थिति छैन । राष्ट्रिय-अन्तर्राष्ट्रिय दुस्मनहरूले नागरिकको 'ब्रेनवास' गरेर लगभग चेतनाविहीन अवस्थामा पुऱ्याइरहेका यसबेला चौतर्फी सजगता, सतर्कता र सद्विवेकको जरुरत छ ।

अतः कुन-कुन पक्ष र तप्कामा असन्तोष र द्वन्द्वले घर गर्दै गइरहेको हो, सरोकारवाला निकाय र पक्षहरूले उच्च सावधानीका साथ, धैर्य र संयम अपनाएर सघन सम्वाद गरून् । सामाजिक न्याय, समानता र सहिष्णुता स्थापित गरेर बेलैमा समस्याको समाधान गरून् ।

# कम्युनिस्ट पार्टीभित्र सांस्कृतिक...

सिद्धान्तको उचाइबाट निर्देशित हुनु आवश्यक हुन्छ । एउटा कम्युनिस्टले आफूलाई मार्क्सवाद-लेनिनवाद-माओवादको अग्रगामी चेतनाले समृद्ध पारेको हुनुपर्दछ । व्यक्तिगत सम्पत्ति र त्यसबाट पैदा हुने मानसिकताबाट ऊ मुक्त हुँदै जानुपर्दछ । सर्वहाराकरण हुँदै जानुलाई उसले गौरव ठान्नुपर्दछ । श्रम र श्रमिक जनताप्रति उसमा अगाध निष्ठा हुनुपर्दछ । व्यक्तिगत सम्पत्ति र श्रमप्रतिको यसप्रकारको दृष्टिकोणको विकासबाट एउटा कम्युनिस्टमा नयाँ वैचारिक ऊर्जा पैदा हुन्छ र त्यो उसका तमाम आचरणहरूमा अभिव्यक्ति हुन्छ । सर्वहारावर्गको वर्गसङ्घर्षको हितबाहेक उसको अर्को हित हुन सक्दैन र यसै हितअन्तर्गत उसका समस्त व्यक्तिगत एवम् पारिवारिक हित समाविष्ट भएका हुन्छन् । देश, जनता, सिद्धान्त र क्रान्तिप्रति अगाध निष्ठा, सर्वहारा अन्तर्राष्ट्रियवादी दृष्टिकोण, वर्गसचेत अनुशासन, पार्टी निर्णयप्रति गम्भीर जिम्मेवारीबोध, शब्द र कर्ममा एकरूपता, उच्च प्रकारको त्याग, बलिदान र जनसेवाको भावना, जनता, कार्यकर्ता र नेताहरूबीचको सजीव भावनात्मक सम्बन्ध, क्रान्तिकारी विवेक र नम्रता, दूरदृष्टि र उच्च मनोबल, दुनियाँ बुझ्दै तथा बदल्दै र कठिनाइहरूमाथि विजय प्राप्त गर्दै अघि बढ्न सक्ने उच्च क्षमताजस्ता सद्गुणहरू एउटा सच्चा कम्युनिस्टका लागि आवश्यक हुन्छन् । परन्तु, उसमा यी सद्गुणहरू बनिबनाउ रूपमा होइन, वर्गसङ्घर्ष र अन्तरसङ्घर्षका बीचबाट मात्रै विकसित हुन सक्दछन् । कम्युनिस्टहरू पुराणका अतिमानव वा दानव अवश्यै होइनन् । ती यसै धर्तीका जनताका छोराछोरी हुन् । मानिस हुनुको नाताले उनीहरूमा अनेकौं कमीकमजोरी र सीमा पनि अवश्यै हुन्छन् र सच्चा कम्युनिस्ट बन्न निकै गाह्रो हुन्छ । तर पनि ती मानिस नै सच्चा कम्युनिस्ट हुन्, जो आफ्ना कमीकमजोरीहरू सच्चाउँदै कम्युनिज्मको महान् आदर्शबाट अभिप्रेरित भएर निरन्तर क्रान्तिको पथमा दृढताका साथ अगाडि बढिरहन्छन् र खटिरहन्छन् ।

### अन्य पार्टी र कम्युनिस्ट पार्टीको भिन्नता

अरु मजदुर पार्टीहरूबाट कम्युनिस्टहरूलाई दुईवटा कुराले छुट्याउँछन्: (१) विभिन्न मुलुकहरूका सर्वहाराहरूका राष्ट्रिय सङ्घर्षहरूमा उनीहरू जातीयताको भेदभाव नगरीकन पूरै सर्वहारावर्गको साझा स्वार्थतर्फ औंल्याउँछन् र त्यसलाई अघि सार्छन् । (२) पुँजीपतिवर्गको विरुद्ध मजदुरवर्गको सङ्घर्षको विकासका विभिन्न चरणहरूमा उनीहरू सदा र सर्वत्र पूरै आन्दोलनको स्वार्थको प्रतिनिधित्व गर्छन् । तसर्थ, एकातिर कम्युनिस्टहरू व्यवहारिक दृष्टिले प्रत्येक देशका मजदुरवर्गीय पार्टीहरूमा सबभन्दा अघि बढेका दरिलो अंग हुन् र उनीहरूले अरु सबैलाई अघि बढाउँछन्: अर्कोतिर, सैद्धान्तिक दृष्टिबाट उनीहरूले सर्वहारा आन्दोलनको दिशा, अवस्था र अन्तिम सामान्य परिणामबारे विशाल सर्वहारा जनसाधारणले भन्दा बढी बुझेका हुन्छन् ।

अरु सबै सर्वहारा पार्टीहरूको जुन उद्देश्य छ, कम्युनिस्टहरूको तात्कालिक उद्देश्य पनि त्यही रहन्छः वर्गको हैसियतले सर्वहारावर्गको संगठन गर्नु, पुँजीवादी शासनलाई उखेलेर फाल्नु, सर्वहारावर्गद्वारा राजनीतिक सत्ता प्राप्त गर्नु । कम्युनिस्टहरूका सैद्धान्तिक निष्कर्षहरू कुनै विश्वसुधारकद्वारा बनाइएका विचार वा सिद्धान्तहरूमा कदापी आधारित छैनन् । सामान्यतः उनीहरू विद्यमान वर्गसङ्घर्षबाट, हाम्रै आँखा अघिल्तिर चलिरहेको ऐतिहासिक आन्दोलनबाट उत्पन्न वास्तविक सम्बन्धहरूलाई मात्र व्यक्त गर्छन् । विद्यमान सम्पत्ति-सम्बन्धको उन्मूलन गर्नु कम्युनिज्मको एउटा विशिष्ट लक्षण कदापि होइन ।

पहिले पनि ऐतिहासिक अवस्थाहरूमा भएको हेरफेरको कारणले गर्दा सबै सम्पत्ति सम्बन्धहरूमा लगातार ऐतिहासिक हेरफेरहरू भएका छन् । उदाहरणका लागि, फ्रान्सेली क्रान्तिले पुँजीवादी सम्पत्तिको पक्षमा सामन्ती सम्पत्तिको उन्मूलन गऱ्यो । कम्युनिज्मको विशिष्ट लक्षण सामान्यतः सम्पत्तिको उन्मूलन गर्नु होइन, बरु पुँजीवादी सम्पत्तिको उन्मूलन गर्नु हो । तर, आधुनिक पुँजीवादी निजी सम्पत्ति वर्गशत्रुतामा, थोरै व्यक्तिद्वारा धेरैको शोषणमा आधारित उत्पादन तथा शोषण व्यवस्थाको अन्तिम र सबभन्दा पूर्ण अभिव्यक्ति हो ।

यस अर्थमा, कम्युनिस्टहरूको सिद्धान्तलाई एउटै वाक्यमा यसरी राख्न सकिन्छः निजी सम्पत्तिको उन्मूलन । मानिसले आफ्नै पसिनाले कमाएको व्यक्तिगत सम्पत्ति राख्न पाउने अधिकार नै खत्तम गर्न चाहने भनी कम्युनिस्टहरूमाथि आक्षेप लगाइएको छ । यस्तो आक्षेप लगाउनेहरूको भनाइअनुसार यो सम्पत्ति सारा व्यक्तिगत स्वतन्त्रता, क्रियाशीलता र स्वाधीनताको आधार हो । खुब मेहनत गरी हासिल गरेको, आफैंले पाएको, आफैंले कमाएको सम्पत्ति ? के तिमीहरूको भनाइको अर्थ सानो दस्तकार र सानो किसानको सम्पत्ति हो, जुन पुँजीवादी सम्पत्तिभन्दा पहिले रहेको थियो ? त्यसको उन्मूलन गर्नुपर्ने कुनै खाँचो छैन, उद्योगको विकासले त्यसलाई धेरै हदसम्म खत्तम पारिसकेको छ र अहिले पनि दिन प्रतिदिन खत्तम पार्दैछ ।

अथवा तिमीहरूको मतलब आधुनिक पुँजीवादी निजी सम्पत्तिसित हो ? तर! के ज्यालादारी श्रमले मजदुरको लागि कुनै सम्पत्ति पैदा गर्छ ? कदापि गर्दैन । त्यसले त पुँजी पैदा गर्छ, अर्थात् त्यस्तो खालको सम्पत्ति पैदा गर्छ, जसले ज्यालादारी श्रमको शोषण गर्छ र जुन नयाँ शोषणको लागि चाहिने ज्यालादारी श्रमको नयाँ आपूर्ति नभएमा बढ्न सक्दैन । अचेलको सम्पत्ति पुँजी र ज्यालादारी श्रमबीच शत्रुतामा आधारित रहेको छ । हामी यस शत्रुताको जाँच दुवै पक्षबाट गरौं ।

पुँजीपति बन्नुको अर्थ उत्पादनमा चोखो व्यक्तिगत स्थिति प्राप्त गर्नु मात्र होइन, सामाजिक स्थिति प्राप्त गर्नु पनि हो । पुँजी एउटा सामूहिक उपज हो र समाजका धेरै सदस्यहरूको संयुक्त कारबाहीबाट मात्र, अझ भन्ने हो भने, अन्तिम रूपमा, समाजका सबै सदस्यहरूको संयुक्त कारबाहीबाट मात्र त्यसलाई गतिशील पार्न सकिन्छ । तसर्थ, पुँजी व्यक्तिगत शक्ति होइन, बरु सामाजिक शक्ति हो ।

त्यसैले पुँजीलाई साझा सम्पत्तिमा, समाजका सारा सदस्यहरूको सम्पत्तिमा फेरिँदा व्यक्तिगत सम्पत्ति सामाजिक सम्पत्तिमा फेरिने होइन । सम्पत्तिको सामाजिक चरित्रमात्र फेरिन्छ । सम्पत्तिको वर्गचरित्र खत्तम हुन्छ ।

(*कम्युनिस्ट पार्टीको घोषणापत्रबाट*)

### कम्युनिस्ट पार्टीको काम के हो ?

सर्वहारा वर्गको पार्टीको काम के हो भने उसले मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई आधार बनाएर ठोस ऐतिहासिक परिस्थितिको ठोस विश्लेषण गर्नु, सही रणनीति र कार्यनीति प्रस्तुत गर्नु तथा लुकेका चट्टानहरूसित तर्केर चल्नु, अनावश्यक बलिदानबाट बच्नु तथा पाइलापाइलामा लक्ष्यसम्म पुग्नका लागि जनतालाई पथप्रदर्शन गर्नुपर्दछ । के बलिदानबाट एकदमै बँच्नु सम्भव छ ? त्यस्तो दासयुगको क्रान्ति, अर्धदास क्रान्ति, पुँजीवादी क्रान्ति वा राष्ट्रियताको क्रान्तिमा भएन न त सर्वहारा क्रान्तिमा नै भएको छ । क्रान्तिको मार्गदर्शक नीति सही हुँदाहुँदै पनि कुन कुराको पक्कापक्की ग्यारेन्टी हुनु असम्भव छ भने त्यो क्रान्तिको क्रममा त्यसबाट पछाडि हट्नु हुँदैन र बलिदान हुनुपर्दछ । सही नीतिमा दृढ रहने काम हुन्छ भने अन्ततः क्रान्ति सफल भएरै छाड्नेछ । बलिदानबाट बँच्ने नाममा क्रान्तिलाई तिलाञ्जली दिनु भनेको वास्तवमा जनता सधैं दासत्वमा रहिरहुन् तथा अनगिन्ती कष्ट सहँदै र बलिदान गर्दै रहून् भन्ने माग गर्नु हो ।

मार्क्सवाद-लेनिनवादको प्रारम्भिक ज्ञानले हामीलाई के बताउँछ भने पुरानो समाजको पुरानो यातनाको अपेक्षा क्रान्तिबाट पैदा हुने कष्ट ज्यादै कम हुन्छ । "घटनाक्रम ज्यादै शान्तिपूर्ण हुँदाखेरि पनि मौजूदा पुँजीवादी व्यवस्थाले सधैं र अविचलरूपबाट मजदुर वर्गको अनगिन्ती बलिदान गराउँछ" भनेर लेनिनले एकदमै ठीक भन्नुभएको थियो ।

जतिबेला सबै कुरा सहज हुन्छन्, जतिबेला पहिलेदेखि नै बलिदान र असफलता नहुने, ग्यारेन्टी हुन्छ, त्यतिबेला मात्र क्रान्ति सम्पन्न हुन सक्दछ भनेर कसैले ठान्दछ भने त्यो अवश्यमेव क्रान्तिकारी हुँदैन । क्रान्तिले ठूलो कठिनाइ भोग्नु किन नपरोस्, ठूलठूला बलिदान गर्नु किन नपरोस् वा ठूलठूला हार सहनु किन नपरोस्, सर्वहारा क्रान्तिकारीहरूले जनतामा क्रान्तिको भावना जगाउनु र क्रान्तिको झण्डा उच्च राख्नुपर्दछ, त्यसलाई त्याग्नु हुँदैन ।

यदि वस्तुगत परिस्थिति परिपक्व हुनुभन्दा पहिले नै सर्वहारा वर्गको पार्टीले उद्दण्डताका साथ क्रान्ति सुरु गरिदिन्छ भने त्यो उग्र "वामपन्थी" दुस्साहसवाद हुनेछ । तर जतिबेला वस्तुगत परिस्थिति परिपक्व हुन्छ, त्यतिबेला यदि सर्वहारा वर्गको पार्टीले क्रान्तिको नेतृत्वगर्ने र राज्यसत्ता कब्जा गर्ने साहस गर्दैन भने त्यो दक्षिणपन्थी अवसरवाद हुनेछ । साधारण समयमा पनि सर्वहारा वर्गको पार्टीले दैनिक सङ्घर्षमा जनसमुदायको नेतृत्व गरिरहेको हुन्छ भने क्रान्तिको परिस्थिति परिपक्व भएको बेला प्रतिक्रियावादी शासन सत्तालाई उल्ट्याउन र नयाँ राज्यसत्ता स्थापित गर्ने मौका नचुकोस् भनेर उसले आफ्नो पंक्ति र जनसमुदायलाई क्रान्तिको लागि सैद्धान्तिक, राजनीतिक र संगठनात्मक दृष्टिकोणबाट तयार गर्नुपर्दछ, अन्यथा वास्तविक परिस्थिति परिपक्व हुनेबेला सर्वहारा वर्गको पार्टीले विजय हासिल गर्ने मौका गुमाउनेछ ।

सर्वहारा वर्गको पार्टी सैद्धान्तिक रूपले दृढ र व्यवहारिक रूपले लचिलो अवश्य हुनुपर्दछ । उसले आवश्यकताअनुसार क्रान्तिका हितहरूका लागि खास अवसरमा सम्झौता गर्नुपर्ने हुन्छ भने लचिलोपन देखाउने र आवश्यकताअनुसार सम्झौता गर्ने बहानामा सैद्धान्तिक प्रश्नहरू र क्रान्तिको उद्देश्यलाई कहिल्यै पनि त्यागिदिनु हुँदैन ।

सर्वहारा वर्गको पार्टीले शत्रुका विरुद्ध सङ्घर्ष गर्नका लागि अवश्य जनताको नेतृत्व गर्नुपर्दछ र ऊ शत्रु पक्षबीचका अन्तरविरोधहरूलाई उपयोग गर्ने विषयमा सिपालु हुनैपर्दछ । तर ती अन्तरविरोधहरूलाई उपयोग गर्नु भनेको जनताका क्रान्तिकारी सङ्घर्षहरूलाई नै खत्तम गर्ने होइन, ती सङ्घर्षहरूका उद्देश्यहरू हासिल गर्नका लागि सजिलो बनाउने हुनुपर्दछ । (*रुसी कम्युनिस्ट पार्टीलाई मार्च ३०, १९६३ मा चिनियाँ कम्युनिस्ट पार्टीले लेखेको पत्रबाट अनु. युवराज पन्थी ।*)

# 'अब प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिने कि नदिने ?'

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले सुनसरी घटनामा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) र गृहमन्त्री सुधन गुरुङले नैतिक जिम्मेवारी लिनुपर्ने माग गरेको छ । प्रतिनिधिसभाको बिहीबार बसेको बैठकमा एमालेकी सांसद पद्मा अर्यालले सुनसरी घटनाको नैतिक जिम्मेवारी लिँदै प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्ने बताएकी हुन् ।

'यति ठूलो घटना हुँदा प्रधानमन्त्री कहाँ छन् ?' प्रश्न तेर्स्याउँदै एमाले संसदीय दलकी उपनेता सांसद अर्यालले विगतमा काठमाडौंमा गोली चल्दा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई जिम्मेवार ठहर गरिएको प्रसंग स्मरण गराउँदै सुनसरीमा पनि मानिसको ज्यान गएको अवस्थामा वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीले नैतिक जिम्मेवारी लिनुपर्नेमा जोड दिइन् ।

'काठमाडौंमा गोली चल्दा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्री थुनामा बस्नुपर्छ भने अवस्था सिर्जना गरियो भने सुनसरीमा मानिस मर्दा वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्छ कि पर्दैन ? यो घटनाको नैतिक जिम्मेवारी लिनुपर्छ कि पर्दैन ?' उनको प्रश्न थियो ।

सांसद अर्यालले सरकारले दंगा नियन्त्रण गर्न नसकेको आरोप लगाउँदै थपिन् 'देशमा शान्तिसुरक्षा कायम गर्न राज्य असफल भएको छ । दंगा नियन्त्रण गर्नुको सट्टा सरकारले आफैं त्रास सिर्जना गरेको छ ।'

देवानगञ्ज गोलीकाण्ड र त्यसबाट उत्पन्न तनावप्रति सरकार आफैं त्रास सिर्जना गर्नेतिर लागेको आरोप लगाएकी उनले सबै सरोकारवाला, धार्मिक अभियन्तालायतलाई धैर्य गर्न उत्तेजना, आवेग र प्रतिशोध नसाँध्न आग्रह गर्दै संयमता र शान्तिमा जुट्न आह्वान समेत गरिन् ।

उक्त घटनामा प्रहरीको गोली लागेर युवकको मृत्यु भएको विषयलाई लिएर उनले थपिन् 'काठमाडौंमा गोली चल्दा, मान्छे मर्दा तत्कालीन प्रधानमन्त्री-गृहमन्त्री थुनामा बस्नुपर्छ, राजीनामा दिनुपर्छ भने सुनसरीमा गोली चल्दा प्रधानमन्त्री र गृहमन्त्रीले पनि राजीनामा दिनुपर्छ थुनामा बस्नुपर्नेछ । अरुलाई फौजदारी कसुर थोपर्नेहरू आज घटनाको नैतिक जिम्मेवार लिन तयार छन् कि छैनन् ?' देशमा दंगा भइरहँदा प्रधानमन्त्री गुमनाम बनेको उनको विश्लेषण थियो ।

# 'सुनसरीमा गोली कसको आदेशमा चलाएको हो ?'

**काठमाडौं ।** दुई हप्तापछि बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै राप्रपाकी प्रमुख सचेतक खुस्बु ओलीले सुनसरीमा कसको आदेशमा गोली चलाएको हो भन्दै सरकारलाई प्रश्न गरिन् । प्रधानमन्त्री बालेन शाहले 'प्रहरीको गोली लागे युवकको मृत्यु भएको' बताएकाले त्यो गोली कसको आदेशमा चलेको हो भन्दै सरकारसमक्ष प्रश्न गरेकी हुन् ।

सांसद ओलीले सो घटनाको अनुसन्धान नै नसकी प्रधानमन्त्रीले प्रहरीको गोलीबाट मृत्यु भएको पुष्टि कसरी गरेर फेसबुकमा लेखेको भन्दै प्रश्न गरिन् । 'प्रधानमन्त्रीज्यूले आफ्नो फेसबुकमार्फत गोली प्रहरीबाट चलेको स्वीकार गर्नुभएको छ । यदि गोली प्रहरीले चलाएको हो भने, त्यसको आदेश कसले दियो ? यदि गोली सरकारको नालबाट चलेको हो भने त्यहाँ किन हिन्दु धर्मालम्बीहरू मात्र घाइते भए ? गोली वास्तवमा कसले चलाएको हो ?' सांसद ओलीको प्रश्न थियो 'हिजो सत्तारुढ दलका सभापतिले पनि जेनजी जनआन्दोलनका क्रममा भएको गोलीकाण्ड र सुनसरी घटनाको गोलीकाण्ड फरक भएको भन्नुभयो । अवश्य पनि, घटना र स्थान, प्रकृति र पृष्ठभूमि फरक हुन सक्दछन् । तर, त्यसपछि राज्यले वहन गर्नुपर्ने जवाफदेहिताको प्रश्न आज पनि एउटै छ ! भदौ २३-२४ का क्रममा भएका आदेश र अहिलेका आदेशरु कुन संयन्त्रबाट हुने गर्दछ ?'

'राज्यबाट चलेका गोलीका घटनाहरूमा फरक मापदण्ड कसरी हुन्छ ?' भन्दै प्रश्न उठाएकी सांसद ओलीले थपिन् 'स्थानीय तहका मेयरले विद्युत लाइन काटिएपछि गोली चलेको भनेका छन्, प्रमुख जिल्ला अधिकारीले गोली चलाउने कुनै अनुमति नदिएको बताएका छन् । अनि नेपाल प्रहरीले पनि हवाई फायर मात्र गरिएको भनेको छ ।'

'गोली कसले चलायो ? यस्तो परस्परविरोधी अभिव्यक्तिका बीच विश्वास कसरी स्थापित हुन्छ ?' थप प्रश्न गर्दै सांसद थापाले सत्यतथ्यबाट सार्वजनिक गर्न उच्चस्तरीय आयोगमार्फत नै छानबिन गर्न सरकारसँग माग गरिन् । 'अनुमान, अफवाह वा औपचारिक वक्तव्यमा सीमित नरही घटनाको गहिराइसम्म पुगेर निष्पक्ष र विश्वासनीय छानविनमार्फत सत्यतथ्यबाट सार्वजनिक गर्न उच्चस्तरीय आयोगमार्फत नै छानबिन गर्ने बाटोमा सरकार तत्काल लागि हाल्नुपर्दछ' सरकारलाई उनको सुझाव थियो ।

# 'देशमा संकट पर्दा सरकारले चिहाएर बस्न मिल्छ ?'

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका सांसद आरेन राईले प्रधानमन्त्रीले अरु विषयमा जिद्दी गर्नु ठिकै भए पनि राष्ट्रियताको सवालमा जिद्दी गर्न नहुने बताएका छन् । बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद राईले प्रधानमन्त्रीले सीमासम्बन्धी दिएको अभिव्यक्ति सच्याउन दुई महिनादेखि माग गर्दा पनि सुनुवाइ नभएको गुनासो पोखेका हुन् ।

पछिल्लो समय देशमा जताततै हिंसाको अवस्था रहेको भए पनि सरकार बेखबर रहेको चर्चा गर्दै उनले सरकार कहाँ छ भन्दै प्रश्न समेत गरेका छन् । 'अब सरकार अन्धकारबाट निस्किनु पर्छ, दूरबिन लगाएर हेरेर देश ठिक छ भनेर भन्न पाइँदैन' सांसद राईले सरकारलाई अब बाहिर निस्किन आग्रह गरे । दिनदहाडै गोली चलेको, मान्छे मारिएको र देशमा संकटको अवस्था आउने स्थिति आउँदा पनि सरकार बेखबर रहेको आरोप लगाउँदै सांसद राईले नेपालको पूर्वदेखि पश्चिमसम्मका नेपाली एक हुनुपर्नेमा जोड दिए ।

'सरकार बेखबर भयो भन्देमा हामी मुर्ख हुनु हुँदैन' भन्दै सांसद राईले वर्तमान अवस्थामा सबै नेपाली संयमित भएर अगाडि बढ्नु पर्ने बताए । देशमा संकट आएका बेला प्रधानमन्त्री र गृहमन्त्री सदनमा उपस्थित हुनुपर्ने भन्दै त्यस्तो नभएको बताए । यसअघि बुधबार राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा सभापतिले आह्वान गरेको सर्वदलीय बैठकको प्रशंसा गर्दै सांसद राईले अहिलेको अवस्थामा यतिले मात्र नपुग्ने समेत बताए । देशमा संकट आएका बेला सरकार आफैंले पहल गर्नुपर्नेमा कालो कोठाबाट चिहाएर हेरिरहेको महसुस भएको समेत सांसद राईले बताए । उनले सरकारलाई कोठाबाट बाहिर निस्किन आग्रह गर्दै सुनसरीमा देखिएको समस्या बल प्रयोग गरेर नहुने सुझाव दिए ।

# प्रधानमन्त्रीको कार्यशैली आत्मकेन्द्रित र अहंकारी : केसी

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले प्रधानमन्त्री बालेन शाहले संसदको चरम अपमान गरेको बताएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै केसीले सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्तिबारे स्पष्टिकरण माग गरिँदै आएको भए पनि उनले त्यसलाई बेवास्ता गरेको आरोप लगाएका हुन् ।

'४४ दिनसम्म चलेका दुई अधिवेशनका क्रममा प्रधानमन्त्री जम्मा दुई/तीन घण्टा मात्र संसदमा उपस्थित हुनुभयो । सीमासम्बन्धी अभिव्यक्तिमा निरन्तर स्पष्टिकरण माग हुँदा पनि उहाँको यस्तो उपस्थितिले संसदको चरम अपमान भएको छ' सांसद केसीको भनाइ थियो ।

प्रधानमन्त्रीको कार्यशैलीलाई आत्मकेन्द्रित र अहंकारी भएको टिप्पणी गर्दै यसले हुकुमी शासनको झल्को दिएको उनले सुनाए । अत्यधिक बहुमत र ठूलो जनअपेक्षासहित बनेको सरकारले नागरिकप्रति चरम उपेक्षा गरेको आरोप लगाउँदै सांसद केसीले पछिल्लो समय आत्महत्या र आत्मदाहका घटना बढ्दै जानु कप्तानगञ्ज गोलीकाण्ड, सेना परिचालनको अवस्था, धर्म, सम्प्रदाय र संस्कृतिबीचको एकतामा देखिएको चुनौती, सहकारी तथा लघुवित्त पीडितका समस्या सरकारका लागि चुनौतीको विषय बनेको बताए ।

# 'मैले नै परिवर्तन महसुस गर्न पाइनँ, जनताले कसरी पाउलान् ?'

**काठमाडौं ।** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै सांसद हरि पन्त (बुद्धिप्रसाद) ले आफूले सरकारमा परिवर्तन महसुस गर्न नपाएको गुनासो पोख्दै यस्तोमा जनताले कसरी परिवर्तनको महसुस गर्न पाउलान् भनेर प्रश्न गरेका छन् ।

बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले सांसद पन्तले प्रतिनिधिसभामा आकस्मिक समयमा बोल्दै शनिबार वीरगञ्जस्थित नारायणी अस्पतालको आकस्मिक कक्षमा उपचाररत बिरामीको मृत्यु भएको विषय उठएका हुन् । त्यसपश्चात उत्पन्न तनावपूर्ण स्थिति, डाक्टरमाथि भएको हातपात र त्यसपछि देशैभरका चिकित्सकहरू आन्दोलित भएको घटनाको विषय सदनमा राखे । 'यस घटनाक्रममा कहाँ-कहाँ, कस-कसबाट कसरी-कसरी गल्ती र लापरबाही हुन पुगेको छ' उनले भने 'ती सबैको मिहीन अनि गहन रुपमा अध्ययन गरी देखिएका दोषीहरूलाई कडा भन्दा कडा कारबाहीको लागि जोडदार माग गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।'

सांसद पन्तले शोक सन्तप्त परिवारजनप्रति गहिरो संवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनले पक्राउ परेका व्यक्ति निर्दोष भए उनको रिहाइको माग गरे । घटनापछि वीरगञ्जका चिकित्सकहरू आन्दोलित भएर जिल्ला प्रशासन कार्यालयमा बसेको वार्ता बाँडिएसँगै उनीहरू जिल्लाका प्रमुखसँग वार्तामा नबस्ने अडान लिएपश्चात् आफू सोमबारदेखि नै स्वास्थ्यमन्त्रीसँग निरन्तर टेलिफोन संवादमा रहेको बताए । 'मंगलबारको भेटपछि मन्त्रीज्यू त्यसै दिन एउटा टोली लिएर वीरगञ्ज जाने कुरो थियो । लगत्तै मन्त्रीज्यूको विराटनगर भ्रमण परेपछि उहाँले स्वास्थ्य सचिवको नम्बर दिएर समन्वय गर्न भन्नुभयो र त्यसपछि म गृह र स्वास्थ्य सचिवहरूसँग निरन्तर टेलिफोन संवादमा थिएँ । फोन कहिले उठ्ने कहिले उठ्दैन थिए अनि म्यासेज पनि गर्थें' रास्वपा सांसद पन्तले भने ।

'कहिले नाम आएको छैन, कहिले गृहले स्वास्थ्यतिर देखाउने, कहिले स्वास्थ्यले गृहतिर देखाउने हुँदै गर्दा म स्वयंले जेनजी आन्दोलनको जग अनि परिवर्तनको नारामा बनेको यो सरकारमा परिवर्तन महसुस गर्न पाइनँ' सांसद पन्तले भने 'जनताले कसरी परिवर्तन महसुस गर्न पाउलान् र सभामुख महोदय ।'

# ४८औं पुष्पलाल स्मृति दिवस : 'हाम्रा कमजोरी, जनतालाई अफिम'

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ पुस्तामा वैचारिक स्कुलिङको निरन्तरता दिन नसक्दा कम्युनिस्ट आन्दोलन कमजोर हुँदै विश्लेषण गरेका छन् । नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४८औं स्मृति दिवसको अवसरमा गत शुक्रबार आयोजित 'वर्तमान राजनैतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै सो विषय उजागर गरेका हुन् ।

कम्युनिस्ट शक्तिहरू सरकार गठन र सत्ता समिकरण मिलाउने रणनीतिमा अल्मलिँदा वैचारिक पक्ष कमजोर हुन पुगेको चर्चा गर्दै विदेशी शक्तिहरूले मुलुक र जनतालाई भ्रममा पार्न लामो समयदेखि रणनीति बनाइरहेको कुरा समयमै थाहा नपाउँदा देश भूराजनीतिक संकटतर्फ उन्मुख भएको बताए । उनले वामपन्थी तथा लोकतान्त्रिक शक्तिहरूको कमजोरीमाथि टेकेर नेपाली जनतालाई अफिम खुलाएको टिप्पणी गरेका छन् । चिनियाँ साम्राज्यवादी शक्तिहरूले विगतमा अफिमको लतमार्फत चिनियाँ जनतालाई कमजोर बनाएर स्रोत-साधनमाथि कब्जा गरेको स्मरण गर्दै नेपालको पछिल्लो राजनीतिमा त्यही घटना दोहोरिएको तर्क गरे ।

'संश्लेषित रुपमा भन्नुपर्दा हामी कम्युनिस्टहरूको गल्ती भयो । हामीले विचारको स्कुलिङ निरन्तर युवापुस्तामा गर्नुपर्नेलाई ध्यान दिएनौं । बैरीहरू नेपालमा कम्युनिस्टहरूलाई ठिक पार्नुपर्छ भनेर २० वर्षदेखि योजना बनाएर भ्रममा पारिरहेका रहेछन् । हाम्रो गल्तीका कारण त्यो कमजोरीमाथि टेकेर नेपाली जनतालाई पनि अफिम खुवाएछन्' संयोजक दाहालको भनाइ थियो 'मैले जनताको अपमान गर्न खोजेको होइन । कस्तो अफिम सोसियल मिडियाबाट अल्गोरिदम म्यानिपुलेसनको ।' उनले नयाँ पुस्तालाई सामाजिक सञ्जालमा 'एल्गोरिदम म्यानिपुलेसन' मार्फत प्रभावित बनाउने कार्य भएको भन्दै त्यसको प्रतिवादका लागि कम्युनिस्ट शक्तिहरूले वैचारिक अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले वाम एकताको दिगोपनको सुनिश्चितता नगरिकन वाम एकता सम्भव नभएको बताए ।

'नेपालका गरिब, मजदुर, किसान, उत्पीडित समुदायका अधिकार खोस्ने दुष्साहस भएको छ' पूर्वप्रधानमन्त्री दाहालले भने 'त्यसविरुद्ध जनतालाई संगठित र आन्दोलित गर्ने, सदनमा लड्ने, सडकमा लड्ने, आगामी निर्वाचनमा लड्ने । चारैतिरबाट घेरा हाल्ने । सिकाएको त उनीहरूले छन्,तर हामी उनही जसरी लड्छन् हामी त्यसरी लड्दैनौं । माओले भन्ने गर्नुहुन्थ्यो- यु फाइट योर वे, वी फाइट आवर वे । हाम्रै तरिकाले लड्ने हो । तर एकै दिन उल्टाउन सकिँदो रहेछ भन्ने कुरा उनीहरूले सिकाएका छन् ।' वामपन्थी र लोकतान्त्रिक शक्ति एकजुट भएर राष्ट्रिय स्वाधीनताको लडाइँ लड्नका लागि साझा न्यूनतम कार्यक्रम ल्याउनुपर्नेमा जोड दिएका पूर्वप्रधानमन्त्री दाहालले 'राष्ट्रिय स्वाधीनताका निम्ति आन्दोलन यसरी गर्ने, यसमा हामी कसैलाई पनि आपत्ति गर्ने कुरा गर्न नहुने, राष्ट्रिय स्वाधीनताको लागि लडाइँ लड्न तयार हुने । त्यसका लागि साझा न्यूनतम कार्यक्रम तयार गर्ने' विषयमा जोड दिए ।

'जेन-जी आन्दोलन' लाई प्रतिक्रान्तिको संज्ञा दिएका संयोजक दाहालले त्यो पूरा नभएको चर्चा गर्दै वामपन्थी लोकतान्त्रिक शक्तिहरू एकजुट हुनुपर्ने बताए । भारतमा निर्वासित रहेका तिब्बतीयन नेता दलाई लामाको जन्मोत्सव मनाएको विषय सामान्य नभएको जिकिर गर्दै पूर्वप्रधानमन्त्री दाहालले कम्युनिस्ट शक्तिहरू सरकार गठन र सत्ता समीकरण मिलाउने रणनीतिमा अल्मलिँदा वैचारिक पक्ष कमजोर हुन पुगेको बताए ।



# सुनसरी घटनाका दोषीमाथि कारबाहीको माग

**काठमाडौं ।** बिहीबार प्रतिनिधिसभा सांसदहरूले सुनसरीको घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गरी दोषीलाई तत्काल कडा कारबाही गर्न र पीडित नागरिकलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग भएको छ।

प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै सांसदहरूले सुनसरीको घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गरी दोषीलाई तत्काल कडा कारबाही गर्न र पीडित नागरिकलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग गरेका हुन् । विशेष समयमा सांसदहरूले नागरिकलाई सुरक्षित रुपमा बस्ने वातावरण बनाउन सरकारसँग आग्रह गरे । बैठकमा सांसद गुरुप्रसाद बरालले सुनसरीको घटना समाधानमा सरकारले प्रभावकारी रुपमा काम गर्न नसकेको टिप्पणी गर्दै समाजमा धार्मिक सहिष्णुता कायम गर्न सरकारले सहजीकरण भूमिका निर्वाह गर्नुपर्ने बताए।

यस्तै, सांसद युवराज दुलालले गुठी जग्गाको संरक्षण र मोहियानी किसानका समस्याका बारेमा जानकारी गराउँदै त्यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए । उनले विभिन्न सहरका केन्द्रमा महत्त्वपूर्ण स्थानमा भूमाफियताका आँखामा परेका जग्गाको संरक्षणमा लाग्न सरकारसँग आग्रह गरे । प्रतिनिधिसभा बैठकमा सांसद आरेन राईले बाँदरले किसानको खेतीमा पुर्‍याएको क्षतिका बारेमा जानकारी गराउँदै किसानले अन्य दुःख र झमेलासँगै बाँदरको समस्या थपिएको बताए । यसलाई समाधान गर्न सरकारले तत्काल प्रभावकारी काम गर्नुपर्ने आवश्यकतातर्फ औंल्याए । सुनसरीको घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गरी दोषीलाई तत्काल कडा कारबाही गर्न र पीडित नागरिकलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग गर्दै सांसद भरत गिरीले नागरिकलाई सुरक्षित रुपमा बस्ने वातावरण बनाउन सरकारसँग आग्रह गरे । बैठकमा सबै धर्म, पर्व र संस्कृतिप्रति आमनेपालीको साझा आस्था रहेको प्रसंग उजागर गर्दै सांसद प्रकाशचन्द्र परियारले नेपालमा धर्म र संस्कृतिका नाममा कहिल्यै पनि युद्ध नभएको र हुन नदिइने बताए । उनले सुनसरीलगायत क्षेत्रमा भएका पछिल्ला गतिविधिले चिन्तित तुल्याएको भन्दै हल्लाका पछि नलाग्न आमजनतालाई आग्रह समेत गरे ।

किसानलाई समयमै मल, बीउ र सिँचाइको व्यवस्था गर्न माग गर्दै सांसद डा चन्द्रमोहन यादवले विगत केही दिन अघिदेखि चिकित्सकले सुरक्षित रुपमा पेसा गर्न नपाएको बारे सरकारका ध्यानाकर्षण गराउँदै त्यसका लागि उचित वातावरण बनाउन आग्रह गरे । सुनसरी घटनामा गोली चलेकाबारेमा उच्चस्तरीय छानबिन गर्न माग गर्दै सांसदद्वय साजिका खातुका सिद्धिकी र सरस्वती लामाले मृतक परिवारलाई उचित क्षतिपूर्ति र घाइतेको उपचारका लागि सरकारसँग माग गरे । नागढुंगा-सुरुङमार्ग निर्माणका क्रममा निधन भएका ओमप्रकाश पाण्डेप्रति श्रद्धाञ्जली र निर्माणका क्रममा घाइते भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सांसद श्रीराम न्यौपानेले उक्त आयोजना राष्ट्रकै लागि गौरव भएको बताए ।

प्रतिनिधिसभामा बोल्ने समय पाएका सांसद प्रकाशसिंह कार्कीले सुनसरीका जस्ता घटना आगामी दिनमा हुन नदिन सरोकारवालासँगै सरकार सचेत हुनुपर्ने भन्दै सबै मिलेर समाजमा धार्मिक सहिष्णुता कायम गर्न आग्रह गरे भने अर्का सांसद डा लेखजंग थापाले वीरगञ्ज नारायण अञ्चल अस्पतालको घटनापछि सरकार नेपाल चिकित्सक संघपछि पाँचबुँदे सम्झौता भएर राम्रो काम भएको भन्दै वार्ताबाट समाधान खोज्नु नै महत्त्वपूर्ण भएको बताए ।

# एमाले–नेकपाबीच तीनबुँदे सहमति

**काठमाडौं ।** राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रदेशिक विकासको गतिलाई तीव्र पार्न नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टीबीच तीन बुँदे सहमति भएको छ ।

पछिल्लो समय प्रदेशसभामा सहकार्य गर्ने र संयुक्त सरकार गठन गर्ने दुई पार्टीबीच सहमति भएको हो । कोशी, बागमती र लुम्बिनी प्रदेशको नेतृत्व एमालेले गर्ने तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेपाली कम्युनिस्ट पार्टीले गर्ने संयुक्त सहमति भएको छ । मधेस र गण्डकी प्रदेशमा सरकार गठनका सन्दर्भमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलसँग समेत परामर्श गरी सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने सहमति जुटेको संयोजक दाहालका स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिए ।

सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले हस्ताक्षर गरेका छन् ।

# सामाजिक सद्भाव कायम राख्न पूर्वराष्ट्रपति भण्डारीको आग्रह

**काठमाडौं ।** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले वर्तमान संवेदनशील परिस्थितिमा उच्च संयमता अपनाउन आग्रह गर्दै कुनै पनि प्रकारका अफवाह र उक्साहटपूर्ण अभिव्यक्ति नदिन सबैमा अनुरोध गरेकी छन् । उनले जारी गरेको प्रेस विज्ञप्ति केही दिनयता सुनसरीलगायत देशका केही स्थानमा उत्पन्न सामुदायिक तनाव तथा हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ ।

पूर्वराष्ट्रपति भण्डारीले सो घटनामा ज्यान गुमाएका तथा अन्य केही व्यक्ति घाइते भएको समाचारले आफूलाई अत्यन्त दुःखीत बनाएको घटनामा परी दिवंगतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेकी हुन् । 'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो । विविधताबाचिको एकता, पारस्परिक सम्मान र सामाजिक सद्भाव नेपालको मौलिक पहिचान तथा गौरव हो, त्यसको संरक्षण सबैको साझा दायित्व हो । हाम्रा पुर्खाले निर्माण गरी पुस्तौंदेखि गर्वपूर्वक जोगाउँदै आएको अमूल्य परम्परालाई कुनै पनि परिस्थितिमा कमजोर हुन दिइने छैन' पूर्वराष्ट्रपति भण्डारीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

कानुनी शासन, आपसी विश्वास र निरन्तर संवादका माध्यमबाट मात्र यस्ता समस्याको दिगो समाधान सम्भव हुने भएकाले नेपाल सरकार, सम्बन्धित प्रशासनिक निकाय तथा सुरक्षा निकायलाई घटनाको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न, पीडितलाई न्याय सुनिश्चित गर्न तथा प्रभावित षेत्रमा शान्ति, सुरक्षा र नागरिकको विश्वास पुनः स्थापित गर्न आवश्यक सबै कदम चाल्न पूर्वराष्ट्रपति भण्डारीले आग्रह गरे ।

# सर्वदलीय बैठक : सद्भाव कायम गर्न सातबुँदे संयुक्त अपिल

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको आह्वानमा बुधबार बसेको सर्वदलीय बैठकले सुनसरीलगायत विभिन्न जिल्लामा अहिले विकसित घटनाक्रमप्रति गम्भीर चासो व्यक्त गर्दै सामाजिक सदभाव, शान्ति र राष्ट्रिय एकता कायम गर्न ७ बुँदे सामूहिक अपिल जारी गरेको छ ।

बैठकपछि जारी संयुक्त अपिलमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरिको छ । सोही अपिलमा घाइते नागरिक र सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरिएको छ । उक्त अपिलमा नेपालको विविधताबीचको एकता, सहिष्णुता र सामाजिक सदभावलाई खल्बल्याउने कुनै पनि गतिविधि र उत्तेजनामा नलाग्न सबै नागरिकलाई आग्रह गर्दै लोकतन्त्रमा देखिएका असन्तुष्टि र समस्याको समाधान शान्तिपूर्ण संवाद र सहमतिबाट मात्र सम्भव हुने भएकाले सम्बन्धित सबै पक्षलाई संयमता अपनाउन आह्वान गरिएको छ ।

अपिलमार्फत प्रदेश, जिल्ला र स्थानीय तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गरी संवादलाई तल्लो तहसम्म विस्तार गर्न र धार्मिक अगुवा, नागरिक समाज तथा स्थानीय प्रशासनको सहभागितामा विश्वासको वातावरण निर्माण गर्न राजनीतिक दलका सबै तहका समितिलाई निर्देशन दिइएको छ । संयुक्त अपिलमा भविष्यमा यस्ता संवेदनशील घटना दोहोरिन नदिन राजनीतिक दलहरूले केन्द्रीय तहबाट आवश्यक समन्वय, अनुगमन र नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ । अपिलमा संवेदनशील अवस्थालाई थप जटिल बनाउन सक्ने भ्रामक समाचार, अफवाह र घृणास्पद अभिव्यक्तिप्रति सचेत रहँदै सामाजिक सञ्जाल जिम्मेवारीपूर्वक प्रयोग गर्न नागरिकलाई अपिल गरिएको छ ।

सञ्चारमाध्यमलाई पनि तथ्यपरक र संयमित सूचना सम्प्रेषण गर्न आग्रह गरिएको छ । सर्वदलीय बैठकले नेपाल सरकारसँग घटनाको निष्पक्ष छानबिन, दोषीउपर कानुनबमोजिम कारबाही, पीडितलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र अधिकतम संयमता अपनाउँदै परिस्थितिलाई शीघ्र सामान्य बनाउन माग गरेको छ । बैठकले राष्ट्रिय एकता र सामाजिक सद्भावको रक्षाका लागि सबै राजनीतिक दल एकताबद्ध रहेको सन्देश दिँदै उत्पन्न समस्याको दिगो, प्रभावकारी र शान्तिपूर्ण समाधानका लागि सरकार र समाजलाई आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको समेत जनाएको छ । यस्तो छ अपिलको पूर्णपाठ :

*सर्वदलीय बैठकको संयुक्त वक्तव्य तथा अपिल*

*मितिः २०८३ श्रावण १३ गते*

*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति माननीय रवि लामिछानेज्यूको आह्वानमा आज मिति २०८३ श्रावण १३ गते सम्पन्न सर्वदलीय बैठकले सुनसरीलगायत विभिन्न जिल्लाहरूमा हालै विकसित अत्यन्तै संवेदनशील, दुःखद घटनाक्रम र त्यसले उत्पन्न गरेको असहज परिस्थितिको गम्भीर समीक्षा गर्दै निम्न बमोजिमको संयुक्त वक्तव्य तथा अपिल जारी गरेको छः*

१. ***समवेदना तथा सहानुभूतिः*** *पछिल्ला घटनाक्रमहरूमा परी ज्यान गुमाउने मृतकप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं । साथै, घटनामा परी घाइते हुनुभएका सम्पूर्ण नागरिक तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।*

२. ***सामाजिक सद्भाव र शान्तिको अपिलः*** *नेपालको पहिचान नै विविधताबीचको एकता, सहिष्णुता र सहअस्तित्व हो । सदियौंदेखि हाम्रो समाजमा कायम रहेको पारस्पारिक भाइचारा र सामाजिक सद्भावलाई खल्बल्याउने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि र उत्तेजनामा नआउन हामी सम्पूर्ण देशवासी आम नागरिकहरूमा हार्दिक अपिल गर्दछौं । आवेग र मुठभेडले समस्याको समाधान नभई थप जटिलता मात्र निम्त्याउने यथार्थप्रति हामी सबै सचेत हुनु जरुरी छ ।*

३. ***शान्तिपूर्ण संवाद र सहमतिको आह्वानः*** *लोकतन्त्रमा जस्तोसुकै जटिल असन्तुष्टि र समस्याहरूको समाधान पनि शान्तिपूर्ण संवाद र सहमतिका माध्यमबाट मात्र सम्भव छ । आफ्ना माग र असन्तुष्टिहरू शान्तिपूर्ण रूपमा राख्न सम्बन्धित सबै पक्षलाई हामी आह्वान गर्दछौं ।*

४. ***तल्लो तहमा सर्वदलीय संयन्त्र र बैठकको आह्वान :*** *समाजमा शान्ति र सद्भाव कायम राख्न केन्द्रको मात्र प्रयास पर्याप्त हुँदैन । तसर्थ, प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठकहरू आयोजना गर्न, संवादलाई तल्लो तहसम्म पुर्‍याउन र नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न हामी आ-आफ्ना पार्टीका विभिन्न तहका समितिहरूलाई निर्देशित गर्दछौं । स्थानीय स्तरमा धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनलाई जोडेर शान्ति कायम राख्न सक्रिय हुनु आजको आवश्यकता हो ।*

५. ***केन्द्रीय तहबाट समन्वय र नेतृत्वदायी भूमिका :*** *यस्ता प्रकृतिका दुःखद र संवेदनशील घटनाहरू भविष्यमा देशका कुनै पनि भू-भागमा दोहोरिन नदिन हामी, राजनीतिक दलको केन्द्रीय तह, अत्यन्तै गम्भीर छौं । यसका लागि आवश्यक पहलकदमी , निरन्तर समन्वय र अनुगमन गर्दै नेतृत्वदायी भूमिका निर्वाह गर्न हामी प्रतिबद्ध छौं ।*

६. ***अफवाह नियन्त्रण र सामाजिक सञ्जालको जिम्मेवार प्रयोग :*** *यस्तो संवेदनशील समयमा सामाजिक सञ्जाल लगायतका माध्यमबाट फैलाइन सक्ने भ्रामक समाचार, घृणास्पद अभिव्यक्ति र अफवाहहरूले स्थितिलाई थप भयावह बनाउन सक्छन् । तसर्थ, सामाजिक सञ्जालको अत्यन्त जिम्मेवार प्रयोग गर्न आम नागरिकलाई अनुरोध गर्दै, सञ्चारमाध्यमहरूलाई समेत संयमित र तथ्यपरक सूचना मात्र सम्प्रेषण गरिदिन आग्रह गर्दछौं ।*

७. ***नेपाल सरकारको ध्यानाकर्षणः*** *नागरिकको जिउधनको रक्षा गर्नु राज्यको प्राथमिक दायित्व हो । अधिकतम संयमता अपनाउँदै परिस्थितिलाई सामान्यीकरण गर्न, घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीउपर कानुन बमोजिम कारबाही गर्न र पीडित पक्षलाई उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन हामी नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं ।*

*अन्त्यमा, राष्ट्रिय एकता र सामाजिक सद्भावको रक्षाका लागि हामी उपस्थित सम्पूर्ण राजनीतिक दलहरू एकताबद्ध रहेको सन्देश प्रवाह गर्दै, उत्पन्न समस्याको दिगो, प्रभावकारी एवं शान्तिपूर्ण समाधानका लागि सरकार र समाजलाई हरसम्भव सहयोग गर्न हामी दृढ संकल्पित छौं ।*

सहमतिपत्रमा रास्वपाका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका महासचिव शंकर पोखरेल श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, लोसपाका अध्यक्ष महन्थ ठाकुर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष सीके राउत र जसपा नेपालका नेता प्रकाश अधिकारीले हस्ताक्षर गरेका छन् ।

# शान्ति र संयमताका लागि ओलीको अपिल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सुनसरीको देवानगञ्ज गाउँपालिका तथा सिरहालगायतका स्थानमा भएका हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै संयमता, सामाजिक सद्भाव र संवादमार्फत समस्याको समाधान खोज्न सबै पक्षसँग अपिल गरेका छन् ।

अध्यक्ष ओलीले जारी गरेको उक्त अपिलमा सुनसरीको देवानगञ्ज गाउँपालिकामा केही दिनयता उत्पन्न तनावपूर्ण परिस्थितिमा स्थानीय युवा ओमप्रकाश मेहता तथा सिरहाका गणेश यादवको गोली लागि निधन भएको र अन्य नागरिक घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेका छन् । देशका विभिन्न स्थानमा थप नागरिकले ज्यान गुमाएको घटनाले आफू अत्यन्त स्तब्ध र मर्माहत भएको उल्लेख गरेका अध्यक्ष ओलीले घटनामा ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । नागरिकबीचको एकता, सहिष्णुता र भ्रातृत्वलाई राष्ट्रको मुख्य शक्ति उल्लेख गर्दै कुनै पनि प्रकारको भ्रामक प्रचार वा उत्तेजनात्मक गतिविधिको पछि नलाग्न सबैसँग आग्रह गर्दै उक्त अपिलमा ओलीले एमालेका नेता-कार्यकर्ता, अन्य राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम तथा आम नागरिकलाई संयमता अपनाई सामाजिक सदभाव र राष्ट्रिय एकता कायम राख्न सक्रिय भूमिका निर्वाह गर्न अनुरोध गरेका छन् ।

हिंसात्मक गतिविधि तत्काल रोक्न, संयमता अपनाउन तथा सबै पक्षसँग अविलम्ब सार्थक संवाद सुरु गरी समस्याको शान्तिपूर्ण समाधान खोज्न सरकारसँग आग्रह गर्दै मुलुक चुनौतीपूर्ण परिस्थितिबाट गुज्रिरहेका बेला प्रमुख राजनीतिक दलहरूले आरोप-प्रत्यारोप र राजनीतिक प्रतिस्पर्धाभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राखी शान्ति, सुरक्षा, सामाजिक सद्भाव तथा राजनीतिक स्थायित्वका लागि सहकार्य गर्नुपर्ने आवश्यकता उनले औंल्याएका छन् ।

# शान्ति, सद्भाव र सहिष्णुता अपनाउन आङदेम्बेको अपिल

**काठमाडौं ।** नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले देशको विभिन्न स्थानमा पछिल्ला केही दिनदेखिको तनावपूर्ण घटनाक्रमले चिन्तित तुल्याएको उल्लेख गर्दै शान्ति, सदभाव र धार्मिक सहिष्णुता लागि अपिल गरेका छन् ।

प्रमुख प्रतिपक्ष दल कांग्रेसका नेता आङदेम्बेले बिहीबार एक विज्ञप्ति जारी गर्दै सुनसरीको देवानगञ्ज नगरपालिका-३ कप्तानगञ्जदेखि फैलिएको तनाव सिरहाको गोलबजार, धुनषाको जनकपुर हुँदै पर्साको वीरगञ्जसम्मै फैलिएको र यसबीचमा तीन नागरिकले ज्यान गुमाएको घटनाप्रति दुःख व्यक्त गरेको छ । 'नेपाल विविभ धर्म, भाषा, संस्कृति र समुदायको साझा फूलबारी हो । यही विविधताबीचको एकता हाम्रो सबैभन्दा ठूलो शक्ति हो' नेता आङदेम्बेद्वारा जारी अपिलमा उल्लेख गरिएको छ 'हामीले सदियौंदेखि एक अर्काको धर्म, संस्कृति र परम्पराको सम्मान गर्दै आएका छौं । आपसी भाइचारा, बन्धुत्व र सामाजिक सद्भाव कायम राखेका छौं । यसलाई कुनै पनि हालतमा कमजोर हुन दिनु हुँदैन ।'

धर्म र पूजा गर्ने तौरतरिका, संस्कृति र परम्परा फरक भए पनि मानवता सबैभन्दा ठूलो धर्म भएको बताउँदै हरेक धर्मले प्रेम, करुणा, सहिष्णुता, क्षमा र शान्तिको सन्देश दिने उनले उल्लेख गरे । उनले कुनै पनि धर्मले घृणा, हिंसा वा वैमनस्य नसिकाउने भएकाले धर्मका नाममा, जातको नाममा एकअर्काप्रति अविश्वास र द्वेष फैलाउने कामबाट सबै सचेत हुन आवश्यक रहेको उल्लेख गरेका छन् । सबै राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम र युवापुस्तालाई अहिले आरोपप्रत्यारोप नभई समाजलाई जोड्ने काममा लाग्न र एक अर्कालाई दोषी देखाउने नभई विश्वासको वातावरण बनाउन आग्रह गर्दै नेता आङदेम्बेले विश्वासको वातावरण बनाउन आग्रह गरे ।

## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुबाट प्रदान गरिने स्वास्थ्य उपचार सेवाहरु

- झाडापखला, आउँ, मासी, हैजको उपचार सेवा
- धनुष्टंकार, कालाजार, मलेरिया दमको उपचार सेवा
- ज्वरो टाइफाइडको उपचार सेवा जण्डिस, मेनेन्जाइटिसको उपचार सेवा
- सर्पदंश उपचार सेवा।
- कुकुर, विरालो तथा अन्य जंगली जनावरले टोकेको भ्याक्सिन सेवा
- प्रत्येक हप्ताको आइतबार दिनको ११:०० बजे गाइनो सम्बन्धी उपचार सेवा
- एड्स संक्रमितहरूलाई ए.आर.टी. उपचार सेवा लगायत विभिन्न किसिमका सरुवा रोगहरूको उपचार यस अस्पतालबाट हुने भएकाले फाइदा लिनुहुन अनुरोध छ ।

**यहाँ सि.टी.स्केनको पनि सेवा सुविधा छ ।**

नेपाल सरकार

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

**शुक्रराज ट्रफिकल तथा सरुवा रोग अस्पताल**

टेकू, काठमाडौं

---

भूकम्पलगायत बहुप्राकृतिक प्रकोपबाट हुन सक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्सा/डिजाइन तयार पारौं । भवन निर्माण गर्दा राष्ट्रिय भवनसंहिता, २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक, तालिम प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरौं । सुरक्षित रहने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**

सानो गौचरण, काठमाडौं

---

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

मीनभवन, काठमाडौं

---

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

भक्तपुर, नेपाल

## अहंकार त्याग...

व्यवहारअनुसार यस किसिमका घटनाको समाधान तथा व्यवस्थापन गर्ने कामको नेतृत्व प्रधानमन्त्रीबाट हुनुपर्ने धारणा व्यक्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीले बुधबार बोलाएको सर्वदलीय बैठकलाई चाहिँ यसतर्फको सकारात्मक कदमका रूपमा लिनुपर्ने उनले बताए। अहिलेको असहज अवस्थामा पनि संवाद र सहकार्य हुनु अत्यावश्यक भएको चर्चा गर्दै सरकारको नेतृत्वमा प्रमुख राजनीतिक पार्टीहरूबीचको एकता र सहकार्यबाट संवेदनशील समस्याको समाधान खोजिनुको विकल्प नभएको धारणा पूर्वप्रधानमन्त्री प्रचण्डले व्यक्त गरे।

सुकुम्बासी, ट्रेड युनियन, विद्यार्थी संगठन, सीमा विवाद जस्ता विषयमा वर्तमान सरकारबाट राम्रो काम नभएको उल्लेख गर्दै संविधान संशोधनका विषयमा समेत सरकार जसरी प्रस्तुत भयो, त्यसले संविधानलाई कमजोर बनाउन लागेको त होइन भन्ने प्रश्न आमजनतामा देखिएकामा उनले सरकारको ध्यानाकर्षण गराए। नेपाली जनताको लोकतान्त्रिक अधिकारका लागि पछिल्लो समय भइरहेका केही घटनाक्रमले सही संकेत नगरेको प्रचण्डले टिप्पणी गरे। गणतन्त्र दिवसका दिन प्रधानमन्त्रीले नबोल्नु, संसदको संयुक्त बैठकमा राष्ट्रपतिले सरकारका नीति तथा कार्यक्रम वाचन गरिरहेका समयमा प्रधानमन्त्री उठेर हिँड्नु र सीमाका विषयमा प्रधानमन्त्रीले संसदमा बोलेको आपत्तिजनक विषय इत्यादिलाई लोकतान्त्रिक शासन प्रणालीमा राम्रो मान्न नसकिने धारणा उनले व्यक्त गरे। 'लोकतन्त्रप्रतिको निष्ठा र राष्ट्रप्रतिको जिम्मेवारीका पक्षमा हामी सबै सांसदले भूमिका निर्वाह गर्नुपर्छ, प्रधानमन्त्री बालेन्द्र शाहलाई भन्छु- ठूला समस्याको निकास दिने जेल-नेल भोगेका नेता मुलुकमा छन्, तीसँग सहकार्य गर्न प्रधानमन्त्रीलाई केले रोकेको हो ? नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति एकताबद्ध हुनु जरुरी छ, प्रधानमन्त्रीका कतिपय अभिव्यक्तिले अप्ठ्यारो बनाएको छ। सहज परिस्थिति निर्माण गर्न उहाँले संसदमा स्पष्टीकरण दिनुपर्छ'- उनले भने।

विगतमा, शान्ति प्रक्रियाका क्रममा आफूहरूले निर्वाह गरेको भूमिकाको चर्चा गर्दै त्यसबाट अहिलेका दलले पनि पाठ सिक्नुपर्ने उनले बताए। २०७२ वैशाख १२ गतेको 'गोर्खा भूकम्प' का बेला तत्कालीन नेकपा (माओवादी) प्रतिपक्षी दल भए पनि विपद्को समयमा सरकारसँग सहकार्य गरी राहत, उद्धार र पुनर्स्थापनाका काममा सक्रिय रूपमा सहभागी भएको उनले स्मरण गराए। नेपाली जनताका बीच राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम गरी नेपाललाई स्वतन्त्र, सुदृढ र सम्पन्न मुलुक बनाउने अभियानमा अहिले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको महत्वपूर्ण भूमिका हुने धारणा व्यक्त गर्दै देशलाई अप्ठ्यारो परेको अवस्थामा सहयोग र सहकार्य गर्न आफ्नो पार्टी यसअघि जस्तै तयार रहेको समेत पूर्वप्रधानमन्त्री प्रचण्डले प्रष्ट्याए।

रास्वपा सभापति रवि छामिछानेले ढिलै भए पनि सर्वदलीय बैठक आह्वान गरेर सकारात्मक प्रयास थालेको उल्लेख गर्दै प्रचण्डले भने- 'असहज परिस्थितिमा नेतृत्वदायी भूमिका संविधानतः, कानुनतः र व्यवहारतः पनि प्रधानमन्त्रीले नै खेल्नुपर्थ्यो; तर, संवेदनशील बैठकहरूमा प्रधानमन्त्री र गृहमन्त्रीको समेत अनुपस्थिति हामी सबैका निम्ति चिन्ताको विषय हो।' जनयुद्धलाई शान्ति प्रक्रियामा ल्याउने क्रममा आफूहरू संवादबाट नै सहमतिमा आएको समेत उनले स्मरण गरे। रास्वपालाई बहुमतको दम्भ नदेखाउन चेतावनी दिएका प्रचण्डले संख्या अस्थायी भएकाले बहुमतको दम्भ नदेखाउन सम्झाए। 'संख्या अस्थायी हो, मुख्य कुरा राष्ट्रप्रतिको जिम्मेवारी हो; जनतामा उत्साह ल्याउनुपर्छ'- पुराना नेताको अनुभव लिन र संवाद गर्न प्रधानमन्त्रीलाई केले रोकेको हो भन्दै उनले प्रश्न समेत गरे।

'प्रधानमन्त्री बालेनलाई पुराना नेताको अनुभव लिन, संवाद गर्न केले रोकेको हो ? आफ्नै अहंकारले रोकेको हो कि के हो ? कतै उहाँभित्रको अहंकारले त संवाद रोकिएको होइन ? नेतृत्वले दम्भ पालेर मुलुक चल्दैन,' प्रचण्डले भने- 'हामीसँग ठूलो अनुभव भएका, लोकतन्त्रका लागि लडेका नेता र बुद्धिजीवीहरू हुनुहुन्छ; ठूलठूला अप्ठ्यारा परिस्थितिहरूलाई निकास दिने हैसियत, क्षमता राख्ने नेताहरूको पंक्ति छ; अनुभव लिन कन्जुस्याइँ गर्नु आवश्यक छ र ? तपाईंहरू जतिजति संवादबाट टाढा जानुहुन्छ, प्रतिपक्षलाई जति अवमूल्यन गर्नुहुन्छ, त्यति नै राष्ट्र र जनतालाई अप्ठ्यारो पर्ने देखिन्छ।' संसदमा उठेका प्रश्नको जवाफ रोस्ट्रमबाट दिँदा सानो नभइने सुझाव प्रधानमन्त्रीलाई दिएका प्रचण्डले 'देशलाई सफलता र असफलता कतातिर लैजाने हो, रास्वपाकै हातमा छ' समेत भन्न भ्याए।

## सरकारलाई नेकपाको प्रश्न : हाम्रो प्रधानमन्त्री कहाँ हुनुहुन्छ ?

**काठमाडौं।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सुनसरीको घटनाबारे संसदलाई जानकारी दिनुपर्नेमा प्रधानमन्त्री बालेन्द्र सदनमा उपस्थित नभएकोमा आपत्ति जनाएको छ। नेकपाका सांसद गोपाल शर्माले प्रधानमन्त्री शाह संसदमा आएर सुनसरी घटनाको विषय र समग्र स्थितिबारे जानकारी दिनुपर्नेमा जोड दिएका हुन्।

बिहीबार प्रतिनिधिसभा बैठकमा सांसद शर्माले प्रधानमन्त्रीले मुलुकको अभिभावकत्व लिनुपर्नेमा उनी बेखबर रहेको भन्दै आपत्ति व्यक्त गरेका हुन्। 'सुनसरी घटनाले सिंगो देशलाई तरंगित बनाएको छ। यस संवेदनशील अवस्थामा पनि प्रधानमन्त्रीले संसदमा आएर त्यहाँको विषयवस्तु, घटना र समग्र अवस्थाबारे जानकारी लिनुपर्थ्यो' सांसद शर्माले भने 'तर विडम्बना हाम्रो प्रधानमन्त्री कहाँ हुनुहुन्छ ?' यस्तो अवस्थामा प्रधानमन्त्री के गरिरहेका छन् भन्नेबारे सदनलाई जानकारी नरहेको भन्दै उनले प्रश्न गरे 'प्रधानमन्त्री के गर्दै हुनुहुन्छ ? न संसदलाई जानकारी छ, न कसैलाई जानकारी छ। राज्य कहाँ छ ? सरकार अभिभावक बन्नुपर्छ कि पर्दैन ?' प्रधानमन्त्री शाह र गृहमन्त्री सुधन गुरुङले विगतमा प्रहरीले बल प्रयोग गर्दा सरकारको नेतृत्व र गृह प्रशासनको नेतृत्वले जिम्मेवारी लिनुपर्ने तर्क राख्ने गरेको स्मरण गर्दै सांसद शर्माले सुनसरीको कप्तानगन्जमा भएको ओमप्रकाश मेहताको हत्याको जिम्मेवारी स्थानीय प्रहरीले लिने कि गृहमन्त्रीले भन्ने प्रश्न उठेको बताए।

'यो सदनमा प्रधानमन्त्री आएर यस्ता संवेदनशील घटनाको जानकारी गराउन माग गर्दछु' भन्दै सांसद शर्माले प्रधानमन्त्रीले संसदमा आएर ती घटनाको बारेमा सत्यतथ्य जानकारी दिनुपर्ने दोहोऱ्याए। सोही क्रममा सांसद शर्माले सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउनुपर्ने माग पटक-पटक गर्दा पनि पूरा नभएको भनी दुःख व्यक्त गरेका छन्।

## 'गोली चलाउनु पर्ने अवस्था किन आयो ?'

**काठमाडौं।** प्रतिनिधिसभा बिहीबारको बैठकमा प्रधानमन्त्री बालेन शाहले यसअघि दिएको सीमासम्बन्धी अभिव्यक्तिका सम्बन्धमा स्पष्ट गरिनुपर्ने माग भएको छ। बैठक सुरु हुना साथ यसअघि जस्तै विपक्षी दलका सांसद उठेपछि सभामुख डोलप्रसाद अर्यालले नेपाली कांग्रेसका प्रमुख सचेतक वासना थापालाई समय दिएका हुन्।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद बासना थापाले सरकारलाई सुनसरीमा नागरिकको ज्यान जाने गरी सुरक्षाकर्मीले गोली चलाउनु पर्ने अवस्था किन आयो भन्दै प्रश्न गरेकी छन्। उनले बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै सुनसरीको कप्तानगञ्जमा सुरक्षाकर्मीले ओमप्रकाश मेहताको ज्यान जाने गरी किन गोली चलाउनु पऱ्यो भन्ने विषयमा सरकारले जवाफ दिनुपर्ने र जिम्मेवारी पनि लिनुपर्ने बताएकी हुन्। नेपालको विविधताभित्रको एकता राष्ट्रिय शक्ति भएको स्मरण गराउँदै सांसद थापाले कुनै पनि बहानामा साम्प्रदायिक हिंसा भड्काउने काम गर्न नहुनेमा जोड दिइन्। सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्ज घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने बताउँदै सांसद थापाले उक्त घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने र यसको निष्पक्ष तथा विश्वसनीय छानबिन हुनुपर्ने माग गरिन्।


# जनावरबाट सर्ने रोगविरूद्ध सावधानी अपनाऔं !

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकाले सावधानी अपनाऔं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**



सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक डिभिजन**
ललितपुर, नेपाल


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं